नेपाल सरकार शिक्षा तथा खेलकूद मन्त्रालय

स्वीकृत मिति २०६५।७।१

# प्रौढहरूका लागि सञ्चालित अनौपचारिक विद्यालय सञ्चालन निर्देशिका २०६५

**प्रस्तावना :**

सबैका लागि शिक्षाको सुनिश्चितताका लागि विभिन्न कारणले विद्यालय शिक्षाबाट वञ्चित विद्यालय उमेर नाघिसकेका प्रौढहरूलाई शिक्षा नियमावली,२०५९ (संशोधनसहित) को नियम-५२ बमोजिम वैकल्पिक शैक्षिक कार्यक्रममार्फत् शिक्षाको मूल धारमा समाहित गरी निरन्तर शिक्षाको अवसर प्रदान गर्ने हेतुले सञ्चालनमा ल्याइएको प्रौढहरूका लागि सञ्चालन हुने अनौपचारिक विद्यालयहरूको स्थापना तथा सञ्चालन प्रक्रियालाई सरल बनाउन र उक्त कार्यमा संलग्न विभिन्न निकाय र व्यक्तिहरूको भूमिका र उत्तरदायित्व प्रष्ट गर्न आवश्यक भएकोले शिक्षा नियमावलीको नियम-१९२ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशिका जारी गरिएको छ ।

**उद्देश्य :**

**यो निर्देशिका जारी गर्नुका उद्देश्यहरू निम्न प्रकार छन् :**

१. प्रौढहरूका लागि सञ्चालन हुने अनौपचारिक विद्यालय सञ्चालन प्रक्रियालाई सरल बनाउन विधिसम्मत ढङ्गबाट अघि बढाउने ।

२. उक्त विद्यालय सञ्चालनमा संलग्न निकाय तथा व्यक्तिहरूको जिम्मेवारी र जवाफदेहीता स्पष्ट पार्ने ।

३. विद्यालय शिक्षाको उमेर नाघिसकेका तर पढ्न इच्छा भएका व्यक्तिहरूका लागि वैकल्पिक माध्यमबाट साक्षर गराई निरन्तर शिक्षाको सुनिश्चित अवसर प्रदान गर्ने ।

## परिच्छेद - १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र परिभाषा :**

१. यो निर्देशिकाको नाम प्रौढहरूका लागि सञ्चालन हुने अनौपचारिक विद्यालय सञ्चालन निर्देशिका २०६५ रहेको छ ।

२. यो निर्देशिका प्रौढहरूका लागि सञ्चालन हुने अनौपचारिक विद्यालयको हकमा मात्र लागू हुनेछ ।

३. यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा :**

**विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यो निर्देशिकामा :**

(क) प्रौढका लागि सञ्चालन हुने अनौपचारिक विद्यालय भन्नाले शिक्षा नियमावलीको नियम ५२ बमोजिम वैकल्पिक शैक्षिक कार्यक्रम सञ्चालन गर्ने अनौपचारिक प्राथमिक विद्यालय, अनौपचारिक निम्न माध्यमिक विद्यालय माध्यमिक विद्यालय भन्ने सम्झनु पर्छ ।

(ख) प्रौढ भन्नाले १५ वर्षदेखि माथिका सबै महिला तथा पुरुषलाई सम्झनु पर्छ ।

(ग) व्यवस्थापन समिति भन्नाले प्रौढहरूका लागि सञ्चालन हुने अनौपचारिक विद्यालय सञ्चालन गर्ने विद्यालयको व्यवस्थापन समिति तथा सामुदायिक अध्ययन केन्द्र व्यवस्थापन समितिलाई सम्झनु पर्दछ ।

(घ) सामुदायिक अध्ययन केन्द्र भन्नाले अनौपचारिक शिक्षा कार्यान्वयन निर्देशिकामा उल्लेख भएको समुदायद्वारा स्थापित तथा अनौपचारिक शिक्षाको माध्यमबाट साक्षर भएका व्यक्तिहरूलाई निरन्तर शिक्षा दिने संस्था भन्ने सम्झनु पर्छ ।

## परिच्छेद - २

३. **प्रौढहरूका लागि सञ्चालन हुने अनौपचारिक विद्यालय सञ्चालन अनुमति :**

(१) प्रौढहरूका लागि सञ्चालन हुने अनौपचारिक विद्यालय स्थापना गर्न चाहने विद्यालय वा सामुदायिक अध्ययन केन्द्रले आफ्नो प्रस्तावसहित सम्बन्धित विद्यालय व्यवस्थापन समिति, सामुदायिक अध्ययन केन्द्र तथा गा.वि.स.वा.न.पा.को सिफारिससहित अनुमतिको निमित्त शैक्षिक सत्र सुरु हुनुभन्दा कम्तीमा २ महिना अगाडि जिल्ला शिक्षा कार्यालयमा निवेदन दिनु पर्नेछ ।

(२) कुनै प्रौढ, महिला वा अन्य यस्तै समूहले यस्तो विद्यालय सञ्चालन गर्न चाहेमा कुनै सामुदायिक विद्यालयसँगको सहयोग र समन्वयको प्रतिवद्धतासहित संचालन गर्न निवेदन दिनुपर्नेछ ।

यो निर्देशिका जारी हुनुपूर्व सम्बन्धित जि.शि.का.बाट अनुमति प्राप्त गरी संचालनमा आइसकेका अनौपचारिक विद्यालयहरु यसै निर्देशिका अन्तर्गत संचालन भएको मानिनेछ । तर त्यस्ता विद्यालयहरु सामुदायिक विद्यालय वा सामुदायिक अध्ययन केन्द्रसँग सम्बद्ध नभई संचालन भएका भए एक वर्ष भित्र कुनै सामुदायिक विद्यालय वा सामुदायिक अध्ययन केन्द्रसँग सहकार्य गर्ने सम्झौता गरिसक्नु पर्नेछ ।

(३) यस बमोजिमको अनौपचारिक विद्यालय खोल्ने प्रस्तावमा देहाय बमोजिमका विवरणहरु अनिवार्यरुपमा समावेश हुनुपर्नेछ,

(क) सम्भावित सहभागी सङ्ख्या

(ख) सञ्चालन हुने स्थान

(ग) व्यवस्थापन समितिका पदाधिकारीहरूको नामावली

(घ) उपयुक्त भवन, फर्निचर, कक्षाकोठा

(ङ) कक्षा संचालनमा संलग्न हुने शिक्षकहरुको विवरण

(४) यस बमोजिम प्राप्त निवेदन अध्ययन गरी जि.शि.अ.ले आफै वा मातहतका विद्यालय निरीक्षकद्वारा निरीक्षण गर्न लगाई प्राप्त प्रतिवेदनको आधारमा अनौपचारिक प्राथमिक तह, अनौपचारिक निम्न माध्यमिक तह, अनौपचारिक माध्यमिक तहमध्ये जुन तहको अनुमति माग गरिएको हो सोही तहको नियमावली,२०५९ (संशोधनसहित) को नियम-५२ बमोजिम शैक्षिक सत्र शुरुहुनु भन्दा अगावै सो तहको कक्षा संचालन गर्न अनुमति दिन सक्नेछ। शैक्षिक सत्र २०६५ को लागि भने २०६५ आश्विन मसान्तसम्म यस्ता कक्षा संचालन गर्न अनुमति दिन सकिनेछ।

(५) यस्ता विद्यालयहरू जुनसुकै तहको खोल्न चाहेको भएतापनि धरौटी लाग्ने छैन।

## परिच्छेद - ३

### ४. विद्यालय सञ्चालन स्थान र समय

(१) यस्ता विद्यालय सञ्चालनका लागि विद्यालय वा सामुदायिक अध्ययन केन्द्र वा कुनै सार्वजनिक भवनहरू वा छुट्टै व्यवस्था गरी सञ्चालन गर्न सकिनेछ। तर उक्त भवनहरू र कक्षाकोठा शिक्षण-सिकाइ क्रियाकलाप सञ्चालनका लागि उपयुक्त वातावरण भएको हुनु पर्नेछ।

(२) विद्यालय सञ्चालन समय र अवधि :

यसरी सञ्चालन हुने विद्यालयले सम्वन्धित तहको पाठ्यक्रममा उल्लेख भएबमोजिमको शैक्षिक उपलब्धि पूरा हुने हिसाबले विद्यालय सञ्चालन गर्ने समय र अवधि विद्यालय व्यवस्थापन समितिले किटान गर्न सक्नेछ। सो को जानकारी जि.शि.का.लाई दिनु पर्नेछ। समय निर्धारण गर्दा सम्पर्क सत्र र गृहकार्यहरूबाट समेत पूरा हुने गरी समायोजन गर्न सकिने छ। तर सम्पर्क सत्र निर्धारण गर्दा कम्तीमा दैनिक २ (दुई) घण्टाभन्दा कम गर्न पाइने छैन।

## परिच्छेद - ४

### ५. अनौपचारिक विद्यालय व्यवस्थापन समितिको गठन तथा काम, कर्तव्य र अधिकार

१. वि.व्य.स. गठन प्रक्रिया :

सामुदायिक विद्यालयमा सञ्चालन हुने अनौपचारिक विद्यालयको हकमा सोही विद्यालयको वि.व्य.स. र सामुदायिक अध्ययन केन्द्र सञ्चालन गरेको विद्यालयको हकमा सोही सामुदायिक अध्ययन केन्द्र व्यवस्थापन समितिले वि.व्य.स.को कार्य गर्न सक्नेछ। साथै परिच्छेद २ को २ बमोजिम सञ्चालन हुने विद्यालयले उप-समिति वनाई सञ्चालन गर्न सक्नेछ।

२. वि.व्य.स. को काम, कर्तव्य र अधिकार :

(क) विद्यालय सञ्चालनका लागि आवश्यक पूर्वाधार तयार गर्ने।

(ख) आर्थिक स्रोत लगायत अन्य स्रोतको सङ्कलन र परिचालन गर्ने।

(ग) विद्यालयमा आवश्यक शिक्षक कर्मचारीको छनोट, नियुक्तिसम्बन्धी व्यवस्थ ागर्ने।

(घ) विभिन्न स्रोतबाट प्राप्त अनुदान व्यवस्थापन गर्ने ।

(ङ) विद्यालयको विभिन्न किसिमका प्रतिवेदनहरू माथिल्लो निकायमा पठाउने ।

(च) विद्यालय सञ्चालन समय र अवधि किटान गरी जि.शि.का.लाई जानकारी गराउने ।

(छ) कक्षा ३, ५, ८ र १० को वार्षिक परीक्षा बाहेक अन्य आन्तरिक परीक्षा र अन्य कक्षाको परीक्षा सञ्चालन तथा प्रमाण-पत्र दिने ।

(ज) स्थानीय निकाय तथा सरकारी एवम् गैरसरकारी संस्थाहरूसँग समन्वय गरी विद्यालयका लागि सहयोग जुटाउने ।

## परिच्छेद - ५

### ६. शिक्षकको योग्यता तथा छनोट र नियुक्ति प्रक्रिया

१. शिक्षकको योग्यता :

(क) अनौपचारिक प्राथमिक विद्यालयका लागि कम्तीमा एस.एल.सी. वा सो सरह उत्तीर्ण गरेको ।

(ख) अनौपचारिक निम्न माध्यमिक विद्यालयका लागि कम्तीमा प्रमाण-पत्र तह वा सो सरह उत्तीर्ण गरेको ।

(ग) अनौपचारिक माध्यमिक विद्यालयका लागि कम्तीमा स्नातक वा सो सरह उत्तीर्ण गरेको ।

(घ) विद्यालय शिक्षा व्यवस्थाको योग्यता प्रणालीमा कुनै परिवर्तन भएमा यसमा पनि सोहीअनुसार परिवर्तन हुनेछ ।

२. शिक्षक छनोट तथा नियुक्ति प्रक्रिया :

यस्ता विद्यालयहरूमा शिक्षण व्यवस्थाका लागि विद्यालयमा कार्यरत वहालवाला शिक्षकहरू वा अन्य व्यक्तिहरूबाट निश्चित आधार पूरा गरी करारमा नियुक्ति गर्न सकिनेछ ।

## परिच्छेद - ६

### ७. पाठ्यक्रम तथा पाठ्यपुस्तक

१. प्राथमिक तहका लागि केन्द्रबाट अनौपचारिक शिक्षा केन्द्रबाट सो कार्यक्रमका लागि आवश्यक हुने संश्लेषित पाठ्यक्रम तयार नभएसम्मका लागि अनौपचारिक शिक्षा केन्द्रले तयार गरेको अनौपचारिक प्राथमिक शिक्षाको संश्लेषित पाठ्यक्रम लागू गर्ने र सन्दर्भ पाठ्यसामग्रीका रूपमा सामुदायिक प्राथमिक विद्यालयले प्रयोग गर्ने प्राथमिक पाठ्यपुस्तक प्रयोग गर्ने ।

२. निम्न माध्यमिक तहका लागि अनौपचारिक शिक्षा केन्द्रद्वारा खुल्ला विद्यालयका लागि तयार गरेको पाठ्यक्रम तथा माध्यमिक तहका लागि शैक्षिक जनशक्ति विकास केन्द्रले खुल्ला विद्यालयका लागि

तयार गरेको पाठ्यक्रम तथा पाठ्यपुस्तक लागू गर्ने, साथै हाल सामुदायिक विद्यालयमा प्रयोग भइरहेको पाठ्यक्रम तथा पाठ्यपुस्तकहरू सन्दर्भ सामग्रीको रूपमा प्रयोग गर्न सकिनेछ ।

## परिच्छेद - ७

**८. परीक्षा सञ्चालन तथा व्यवस्थापन**

परीक्षा सञ्चालन व्यवस्था अन्य सामुदायिक विद्यालयसरह नै हुनेछ ।

## परिच्छेद - ८

**९. अनुदान व्यवस्था**

१. प्राथमिक तहका विद्यार्थीका लागि पा.पु., शैक्षिक सामग्री तथा अन्य कार्यका लागि तोकिएबमोजिम एकमुष्ठ अनुदान प्रदान गरिनेछ ।

२. निम्न माध्यमिक र माध्यमिक तहका लागि पुस्तकालय स्थापनाका लागि तोकिएबमोजिमको रकम उपलब्ध गराइनेछ ।

३. यसरी सञ्चालन हुने सबै तहका विद्यालयका लागि शिक्षक सहयोग वापत तोकिएबमोजिम एकमुष्ठ रकम उपलब्ध गराइनेछ ।

## परिच्छेद - ९

**१०. विभिन्न निकायको काम, कर्तव्य र अधिकार**

१. शिक्षा विभाग :

नीतिगत व्यवस्था, कार्यक्रम व्यवस्थापन, बजेट व्यवस्थापन, अनुगमन निरीक्षण

२. अनौपचारिक शिक्षा केन्द्र :

(क) प्राथमिक तथा निम्न माध्यमिक तहको पाठ्यक्रम तथा पाठ्यपुस्तक विकास तथा व्यवस्थापन

(ख) प्राथमिक तथा निम्न माध्यमिक तहको शिक्षक निर्देशिका, सन्दर्भ सामग्रीहरू तथा तालिम सामग्री विकास र वितरण

(ग) प्राथमिक तथा निम्न माध्यमिक तहको तालिम, गोष्ठी, सेमिनार सञ्चालन व्यवस्थापन, क्षमता अभिवृद्धि

(घ) अनुगमन तथा निरीक्षण

३. शैक्षिक जनशक्ति विकास केन्द्र :

(क) माध्यमिक तहको तहको पाठ्यक्रम तथा पाठ्यपुस्तक विकास तथा व्यवस्थापन

(ख) माध्यमिक तहको शिक्षक निर्देशिका, सन्दर्भ सामग्रीहरू तथा तालिम सामग्री विकास र वितरण

(ग) माध्यमिक तहको तालिम, गोष्ठी, सेमिनार सञ्चालन व्यवस्थापन, क्षमता अभिवृद्धि

(घ) अनुगमन तथा निरीक्षण

४. पाठ्यक्रम विकास केन्द्र :

पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षक निर्देशिका तथा अन्य सन्दर्भ सामग्रीको स्वीकृतिका लागि आवश्यक सहयोग पुऱ्याउने ।

५. क्षेत्रीय शिक्षा निर्देशनालय :

कार्यक्रम अनुगमन, निरीक्षण तथा जिल्लाहरूसँग समन्वय गर्ने ।

६. जिल्ला शिक्षा कार्यालय :

(क) सम्भाव्यता अध्ययन गरी तीनै तहका विद्यालयहरूलाई शिक्षा नियमावली २०५९ ( संशोधनसहित) को नियम ५२ बमोजिम अनुमति दिने ।

(ख) यी विद्यालयहरूसम्बन्धी योजना कार्यक्रम बनाउने, कार्यान्वयन गर्ने तथा सम्बन्धित निकायहरूमा प्रतिवेदन दिने ।

(ग) अनुगमन तथा निरीक्षण गर्ने ।

## परिच्छेद - १०

## विविध

१. हालसम्म विभिन्न सङ्घ संस्था मार्फत् समेत सञ्चालन हुँदै आएको अनौपचारिक विद्यालयहरू यसै निर्देशिकाद्वारा सञ्चालन भएको मानिनेछ ।

२. अनौपचारिक प्राथमिक निम्न माध्यमिक र माध्यमिक तहको विद्यालय शिक्षाको अवधि कम्तीमा क्रमशः ३, २ र १ वर्षको हुनेछ ।

३. यस निर्देशिकाको व्याख्या सम्बन्धमा द्विविधा हुन गएमा शिक्षा विभागको निर्णय अन्तिम हुनेछ ।